# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा प्रदाय ६.० प्रतिशतले बढेको थियो। त्यस्तै संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ४.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.३ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ बैंक कर्जा उल्लेख्य बढेकोले मौद्रिक योगाङ्कहरू बढ्न गएका हुन।

२. आवधिक निक्षेप अघिल्लो वर्ष ६.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १२.३ प्रतिशत अर्थात् थप रू ३२ अर्ब ९१ करोडले बढी २०६४ पुस मसान्तमा रू ३०१ अर्ब ५४ करोड पुगेको छ। विदेशमा काम गर्ने नेपालीहरुले पठाएको विप्रेषण आप्रवाह बढेको, तीन नयाँ बैंकहरू सञ्चालनमा आएको र विद्यमान बैंकहरूले शाखा विस्तार गरेको कारण आवधिक निक्षेप बढेको हो।

३. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू ५ अर्ब ४९ करोड अर्थात् ३.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रू १ अर्ब ९३ करोडले घाटामा रहेको छ। निर्यातको स्थिति सन्तोषजनक नरहेको, नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिर्नुपर्ने बक्यौता अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेको र वैदेशिक सहायताको विस्तार न्यून रहेकोले समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको विस्तार घटेको हो।

### कुल आन्तरिक कर्जा

४. अघिल्लो वर्ष आन्तरिक कर्जा ०.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.२ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढ्नुको अतिरिक्त वित्तीय संस्थाहरूमाथिको दावी बढेकोले आन्तरिक कर्जा बढेको हो।

५. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष १०.२ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ५.२ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा नेपाल सरकारको खर्चको तुलनामा साधन परिचालन उच्च रही नेपाल राष्ट्र बैंकसँग रू १० अर्ब २ करोड बराबर बचत रहेकोले गर्दा नेपाल सरकारमाथिको खुद दावी समीक्षा अवधिमा घटेको हो।

६. वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा उच्च रहेको छ। अघिल्लो वर्ष उक्त दावी १६.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६८.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा वाणिज्य बैंकहरूले वित्त कम्पनी, विकास बैंक तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढाएकोले गैरसरकारी वित्तीय संस्थाहरूमाथिको दावी उच्च दरले बढेको हो।

७. अघिल्लो वर्ष निजी क्षेत्रतर्फ जाने कर्जा ९.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.० प्रतिशतले बढेको छ। समीक्षा अवधिमा फलामे रड, टेक्सटाईल, सिमेण्ट, सवारी साधनको उत्पादन, घरजग्गा तथा आवास निर्माण, पर्यटन तथा शेयरको धितोमा गरिने कर्जा प्रवाह (मार्जिन लेण्डिङ्ग) बढेकोले निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको हो।

## विदेशी मुद्रा कारोवार

८. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ५५ करोड ८२ लाखको खुद खरिद गरी रू ३५ अर्ब ६७ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ४७ करोड १० लाख खुद खरिद गरी रू ३४ अर्ब ३२ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो।

९. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा अमेरिकी डलर ६६ करोड बिक्री हुन गई रू ४२ अर्ब ३ करोड बराबरको भा.रू. खरिद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा ३९ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री हुन गई रू २८ अर्ब ३७ करोड बराबरको भा.रू. खरिद भएको थियो। समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिनुपर्ने बक्यौता अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेको र भारतसँगको बढ्दो चालू खाता घाटा पूरा गर्नको लागि समीक्षा अवधिमा बढी भा.रू. खरिद भएको हो।

## खुला बजार कारोवार

१०. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनामा नेपाल राष्ट्र बैंकले दोस्रो बजार कारोवारमार्फत् खुद रू ४ अर्ब ८१ करोड बराबरको तरलता प्रशोचन गरेको छ। गत वर्षको यसै अवधिमा उक्त कारोवारमार्फत् खुद रू १९ अर्ब ४५ करोड बराबरको तरलता प्रशोचन भएको थियो। समीक्षा अवधिमा रिभर्स रिपो बोलकबोल उपकरणमार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू १ अर्ब २४ करोड गरी रू ६ अर्ब ८१ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् कुल रू २ अर्ब बराबरको तरलता प्रवाह गरिएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब ५६ करोड गरी कुल रू १९ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो। समीक्षा अवधिमा निजी क्षेत्रबाट कर्जा माग बढेको र भा.रू. खरिद पनि बढेकोले गर्दा बजारबाट कम तरलता प्रशोचन गर्नु परेको हो।

**तालिका १: खुला बजार कारोवारको स्थिति (पहिलो छ महिना)**

(रू. **करोडमा**)

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| **कुल तरलता प्रशोचन** | **१९४५.०** | **६८१.०** |
| बिक्री बोलकबोल | ५८९.० | १२४.० |
| रिर्भस रिपो बोलकबोल | १३५६.० | ५५७.० |
| **कुल तरलता प्रवाह** | **०.०** | **२००.०** |
| खरिद बोलकबोल | - | - |
| रिपो बोलकबोल | - | २००.० |
| **खुद तरलता प्रशोचन** | **१९४५.०** | **४८१.०** |

## अन्तरबैंक कारोवार

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोवार उच्च रहेको छ। अघिल्लो वर्षको पहिलो छ महिनाको अवधिमा कुल रू ९४ अर्ब ५४ करोड बराबरको अन्तरबैंक कारोवार भएकोमा समीक्षा अवधिमा कुल रू १६८ अर्ब १४ करोड बराबरको अन्तरबैंक कारोवार भएको छ। समीक्षा अवधिमा अन्तरबैंक

कारोवार बढ्नुको अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ। अघिल्लो वर्ष सो सुविधाअन्तर्गत रू ८ अर्ब १९ करोड उपयोग भएकोमा समीक्षा अवधिमा रू ४६ अर्ब ७ करोड उपयोग भएको छ। समीक्षा अवधिमा मूलतः आन्तरिक कर्जाको माग बढेकोले गर्दा अन्तरबैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग बढेको हो।

**तालिका २ : अन्तरबैंक कारोवार र स्थायी तरलता सुविधा (पहिलो छ महिना)**

**(रू करोडमा)**

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| स्थायी तरलता सुविधा | ८१९.१ | ४६०७.० |
| अन्तरबैंक कारोवार | ९४५३.७ | १६८१३.९ |

**अल्पकालीन ब्याजदर**


१२. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा ब्याजदर बढेको छ। समीक्षा अवधिमा ९१ दिने ट्रेजरी बिल्सको भारित औसत मासिक ब्याजदर ३.८६ प्रतिशत रह्यो, जुन अघिल्लो वर्षको यसै अवधिमा २.६७ प्रतिशत रहेको थियो। अघिल्लो वर्ष भारित औसत मासिक अन्तरबैंक ब्याजदर ३.०३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ४.९३ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको निक्षेप ब्याजदर भने समीक्षा अवधिमा यथावत कायम रहेको छ। समीक्षा अवधिमा आन्तरिक कर्जामा वृद्धि भै अधिक तरलतामा कमी आएकोले अल्पकालीन ब्याजदरहरू केही बढेका हुन्।

**तालिका ३ः ९१- दिने ट्रेजरी  बिल तथा अन्तरबैंक ब्याजदर (प्रतिशतमा)**

| | ९१-दिने | | भारित औसत अन्तरबैंकदर | |
|---|---|---|---|---|
| | २०६३/६४ | २०६४/६५ | २०६३/६४ | २०६४/६५ |
| साउन | २.९९ | ४.२५ | २.०७ | ४.१ |
| भदौ | २.७८ | २.१४ | १.८३ | २.१८ |
| असोज | २.५४ | २.१६ | २.११ | ३.३५ |
| कात्तिक | २.११ | ३.०३ | १.२ | ३.७३ |
| मंसिर | १.९८ | ३.५९ | १.३४ | ४.७३ |
| पुस | २.६७ | ३.८६ | ३.०३ | ४.९३ |

## धितोपत्र बजार

१३. वार्षिक बिन्दुगत आधारमा नेप्से परिसूचक ७८.५ प्रतिशतले वृद्धि भई २०६४ पुस मसान्तमा ९५८.९१ बिन्दुमा पुगको छ। यो परिसूचक २०६३ पुस मसान्तमा ५३७.०९ थियो (चार्टः १)।




१४. चालू आर्थिक बर्षको प्रथम ५ महिनामा नेपालको शेयर बजार अनपेक्षित ढंले बिस्तार हुन पुग्यो । शेयर वजारको यो विस्तार आधारभूत र प्राविधिक कारणहरुले पुष्टि हुन नसकेको र कतिपय कम्पनीहरुको नकारात्मक नेटवर्थ हुँदाहुँदै पनि तिनको बजार मूल्य अंकित मूल्यभन्दा निक्कै माथि रहेको पाइयो । यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुबाट मार्जिन लेण्डिङ्ग गर्ने क्रम बढिरहेको र यी संस्थाहरुले २०६४ पुस २० गतेसम्म शेयरको धितोमा रु १० अर्ब ५४ करोड लगानी गरेको पाइयो । एक वर्ष अगाडि यस्तो लगानी रु. ४ अर्व ६० करोड रहेको थियो । यसरी मार्जिन लेण्डिङ्ग बढ्दै जाँदा बैंक तथा वित्तीय संस्थाहरु स्वयं र अन्ततः निक्षेपकर्ता नै जोखिममा पर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी उक्त लेण्डिङ्गलाई थप व्यवस्थित गर्न आवश्यक गृहकार्य गर्नुपर्ने भएकोले यस बैंकले २०६४ पुस १३ गते १ महिनाका लागि मार्जिन लेण्डिङ्ग रोक्का गर्ने निर्देशन जारी गरेको थियो । यस बैंकले निर्देशन जारी गरेपश्चात् केही समयसम्म केही लगानीकर्ताहरुको विरोधका कारण कुनै कारोबार नभएतापनि त्यसपछि खुलेको बजारले विस्तारै सच्चिने गति लिएको छ ।

१५. मार्जिन लेण्डिङ्गलाई व्यवस्थित गर्ने उद्देश्यले २०६४ माघ ८ गते यस बैंकबाट पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औषत मूल्यको आधारमा बढीमा ५० प्रतिशत वा शेयरको प्रचलित वजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो रकमसम्म मात्र कर्जा दिन सकिने, एकपटक प्रवाह गरिसकेको यस्तो कर्जालाई सुरक्षणमा रहेको शेयरको पूर्नमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न नपाइने, विगतमा ५० प्रतिशतको सीमाभन्दा बढी हुने गरी कर्जा प्रदान गरिएको भएमा २०६५ आषाढ मसान्त वा भुक्तानी अवधि मध्ये जुन अगाडि हुन्छ सोही समयावधिभित्र नियमित गर्नु पर्ने लगायतका प्राबधान राखी निर्देशन जारी गरेपश्चात् मार्जिन लेण्डिङ्ग व्यवस्थित भई शेयर बजारको दीगो विकासमा समेत अनुकूल प्रभाव पर्ने अनुमान गरिएको छ ।

१६. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ५८.३ प्रतिशतले वृद्धि भई २०६४ पुस मसान्तमा रु. ३०१ अर्ब ८६ करोड पुगेको छ । परिणामस्वरुप २०६४ पुस मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात ३८.१ प्रतिशत पुगेको छ । २०६३ पुस मसान्तमा यस्तो अनुपात १९.१ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१७. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १४.६ प्रतिशत रही २०६४ पुस मसान्तमा रु.२३ अर्ब ९० करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१८. २०६४ पुस मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४५ पुगेको छ । २०६३ पुस मसान्तमा यो संख्या १४१ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११० वटा वित्तीय

संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१९. २०६४ पुस मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसंगको अनुपात (Turnover Ratio) १ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६३ पुस मसान्तमा ०.८ प्रतिशत रहेको थियो ।

२०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ पुस मसान्तमा ६६.८ रहेकोमा २०६४ पुस मसान्तमा १९५.७ पुगेको छ ।


२१. प्राथमिक निष्काशनतर्फ, चालू आर्थिक वर्षको पहिलो ६ महिनामा नेपाल धितोपत्र बोर्डले ७ वटा कम्पनीहरुलाई रु २७ करोड ४४ लाख बरावरको साधारण शेयर र अन्य १२ वटा कम्पनीहरुलाई रु २ अर्व ४३ करोड ७६ लाख वरावरको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६४।६५ को पहिलो छ महिनामा उपभोक्ता मुद्रास्फीतिको वार्षिक विन्दुगत वृद्धि ५.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ७.६ प्रतिशत रहेको थियो । २०६४ कार्तिकमा पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गरिएको भएता पनि उक्त वृद्धिको कारणबाट इन्धन, विजुली तथा पानी उप-समूहको मूल्य सूचकाङ्कमा कम प्रभाव परेको, उक्त वृद्धिबाट सार्वजनिक यातायातको भाडादर, ढुवानी लागत, रेष्टुरांको खाना लगायतका क्षेत्रहरुको मूल्यमा अप्रत्यक्ष रुपमा पर्नसक्ने प्रभाव नपरेको र नेपाली रुपैयाँ अमेरिकी डलरसँग अधिमूल्यन भएको कारणले गैरखाद्य वस्तु तथा सेवा समूहमा कम चाप परेकोले समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा सुधार आएको हो ।

चार्ट २: उपभोक्ता मुद्रास्फीति, पुस
(वार्षिक विन्दुगत प्रतिशत परिवर्तन)




२३. समूहगतरूपमा, खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक वृद्धिदर २०६३ पुस महिनामा ८.० प्रतिशत रहेकोमा २०६४ पुसमा ७.३ प्रतिशत रहेको छ । यस समूह अन्तरगतका उप-समूहमध्ये दलहनको मूल्य सूचकाङ्क १५.० प्रतिशत, तेल तथा घ्यूको १२.६ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थको ११.३

प्रतिशत, दूध तथा दुग्धजन्य पदार्थको ६.६ प्रतिशत र माछा, मासु तथा फुलको ५.१ प्रतिशतले बढेको छ। तर चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भने समीक्षा अवधिमा १४.२ प्रतिशतले गिरावट आएको छ। यसैगरी, गैरखाद्य वस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा उल्लेख्य सुधार भई ४.१ प्रतिशत कायम भएको छ। यस समूह अन्तरगत रहेका सूर्ति तथा सूर्तिजन्य पदार्थ, इन्धन बत्ती तथा पानी, घरायसी सरसामान तथा यातायात र सञ्चार उपसमूहका वस्तुहरूको मूल्यवृद्धि कम दरमा भएकोले यस समूहको मूल्य सूचकाङ्कमा समेत कम चाप पर्न गएको हो।

२४. भौगोलिक आधारमा समीक्षा गर्दा २०६४ पुसमा काठमाडौ उपत्यकामा ५.३ प्रतिशत, तराईमा ६.० प्रतिशत र पहाडमा ५.६ प्रतिशतले मूल्य वृद्धि भएको छ। अघिल्लो वर्ष यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.५ प्रतिशत, ८.५ प्रतिशत र ७.२ प्रतिशत रहेको थियो। तराई क्षेत्रमा भइरहेको बारम्बारको बन्द, हडताल जस्ता कारणले गर्दा अन्य भौगोलिक क्षेत्रको तुलनामा सो क्षेत्रको मूल्य वृद्धि केही उच्च रहेको छ।

२५. २०६३ पुसमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीतिको वृद्धिदर ६.५ प्रतिशत रहेकोमा २०६४ पुसमा ४.७ प्रतिशत रहेको छ।

२६. यसप्रकार, यस आर्थिक वर्षको प्रथम छ महिना (साउनदेखि पुससम्म) को औसत मुद्रास्फीति ६.२ प्रतिशत रहन गएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त दर ७.२ प्रतिशत रहेको थियो।


## थोक मुद्रास्फीति

२७. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६३ पुसमा १०.४ प्रतिशत रहेकोमा २०६४ पुसमा ५.५ प्रतिशत रहेको छ। कृषिजन्य उत्पादन र स्वदेशमा उत्पादित वस्तुको मूल्य गत वर्षको तुलनामा कम दरले बढेको कारण समीक्षा अवधिमा थोक मूल्यमा कम चाप पर्न गएको हो। समूहगतरूपमा कृषिजन्य उत्पादनको मूल्य वृद्धिदर अघिल्लो वर्ष १३.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ४.० प्रतिशत मात्र रहेको छ। कृषिजन्य वस्तुहरुमध्ये दलहनको मूल्य अघिल्लो वर्ष २४.६ प्रतिशतले बढेकोमा यसवर्ष ९.४ प्रतिशतले मात्र बढेको छ भने मरमसला, फलफूल तथा तरकारी एवं खाद्यपदार्थको मूल्य गतवर्ष क्रमशः २३.९ प्रतिशत, २०.२ प्रतिशत तथा १८.३ प्रतिशतले वृद्धि भएकोमा यसवर्ष मरमसला र फलफूल तथा तरकारीको मूल्य क्रमशः १५.२ प्रतिशत र १०.२ प्रतिशतले घटेको छ भने खाद्यपदार्थको मूल्य ६.९ प्रतिशतले बढेको छ। यसैगरी गतवर्ष नगदेवालीको मूल्यमा १०.८ प्रतिशतले गिरावट आएकोमा समीक्षा वर्षमा २४.८ प्रतिशतको उच्च दरले बढेको छ।

२८. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुको सूचकाङ्क ५.९ प्रतिशतले वृद्धि भएको छ। गतवर्ष सोही अवधिमा उक्त वृद्धिदर ९.७ प्रतिशत रहेको थियो। यस उप-समूह अन्तरगतका वस्तुहरुमध्ये निर्माण सामग्री र खाद्यजन्य पदार्थको मूल्य अघिल्लो वर्ष क्रमशः १९.४ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः ७.४ प्रतिशत र ७.८ प्रतिशतले मात्र वृद्धि भएको छ। अर्कोतर्फ आयातीत वस्तुको थोक मूल्य वृद्धिदर २०६३ पुसमा ७.२ प्रतिशत रहेकोमा यसवर्ष पनि समान विन्दुमा रहेको छ।

२९. यस आर्थिक वर्षको प्रथम छ महिना (साउनदेखि पुससम्म) को थोक मूल्य औसत वृद्धिदर ८.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ९.३ प्रतिशत रहेको थियो।

**चार्ट ३: थोक मुद्रास्फीति, पुस**
**(वार्षिक विन्दुगत प्रतिशत परिवर्तन)**




### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३०. २०६४ पुस महिनामा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.१ प्रतिशतले वार्षिक विन्दुगत वृद्धि भएको छ। २०६३ पुसमा उक्त सूचकाङ्क ९.७ प्रतिशतले बढेको थियो। २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतको खुद वृद्धि भएकोले यस अवधिमा तलव सूचकाङ्कमा चाप पर्न गई १०.९ प्रतिशतको वृद्धि देखिएको भएता पनि गत वर्षको तुलनामा यस वर्ष समग्र ज्यालादर सूचकाङ्कमा कम चाप पर्न गएका कारण समीक्षा अवधिमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा कम दरको वृद्धि देखिएको हो। अघिल्लो वर्ष १०.९ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ८.५ प्रतिशतले मात्र बढेको छ। यस अवधिमा कृषि मजदूरको ज्यालादर गतवर्ष १०.६ प्रतिशतले बढेकोमा यसवर्ष ६.५ प्रतिशतले मात्र वृद्धि भएका कारण समीक्षा अवधिमा ज्यालादर सूचकाङ्कमा कम चाप परेको हो। समीक्षा अवधिमा औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर क्रमशः ११.१ प्रतिशत र १०.४ प्रतिशतले वृद्धि भएको छ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा सरकारी बजेट रू ३ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा बजेट रू ३ अर्व ९५ करोडले बचतमा रहेको थियो। सरकारी खर्च वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो।

३२. कुल बजेटघाटा पूर्ति गर्ने क्रममा, नेपाल सरकारले कुल रू ८ अर्ब २० करोड आन्तरिक ऋण (अधिविकर्ष वाहेक) परिचालन गरेको छ भने नेपाल राष्ट्र बैङ्कमा रु ७ अर्ब ७ करोड बराबरको नगद बचत रहेको छ। अघिल्लो वर्षको यस्तो सञ्चिति रकम रु ३ अर्ब १२ करोड समेत समावेश गर्दा सो सञ्चिति रु १० अर्ब १९ करोड हुन आउँछ। समीक्षा अवधिमा परिचालन भएको आन्तरिक ऋण बजेटमा व्यवस्था भएको वार्षिक आन्तरिक ऋण सीमा रू २० अर्ब ५० करोडको ४० प्रतिशत हुन आउँछ।

३३. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा नेपाल सरकारको कुल आन्तरिक ऋण (अधिविकर्ष समेत) रु ९० करोड रहेकोमा रु ३ अर्ब ८१ करोड बराबरको आन्तरिक ऋण भुक्तानी भई खुद आन्तरिक ऋण ऋणात्मक रु २ अर्ब ६९ करोड रहेको छ।

३४. कुल बजेटघाटामध्ये रू २ अर्व ३६ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ।

## सरकारी खर्च

३५. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३०.२ प्रतिशतले वृद्धि भई रू ५८ अर्व २८ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च ११.९ प्रतिशतले बढेको थियो। चालू, पूँजीगत र साँवा भुक्तानी सबै प्रकारका सरकारी खर्चमा उल्लेखनीय वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो।

३६. अघिल्लो वर्ष नेपाल सरकारको चालू खर्च १०.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा सो खर्च २१.८ प्रतिशतले वृद्धि भई रू ३८ अर्व २४ करोड पुगेको छ। राहत खर्च वृद्धि, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारी खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो।

३७. समीक्षा अवधिमा पूँजीगत खर्च ६६.३ प्रतिशतले वृद्धि भई रू १० अर्व २८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च २५.९ प्रतिशतले बढेको थियो। नेपाल आयल निगमलाई रू ५० करोड भुक्तानी, गरीबी निवारण कोषलाई रु १ अर्ब २० करोड भुक्तानी, कृषि विकास बैङ्कमा रु १ अर्ब ७५ करोड शेयर लगानी, नेपाल विद्युत प्राधिकरणलाई रु ५२ करोड शेयर लगानी र स्थानीय निकायलाई अनुदान रकम निकासा भएको कारण समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो।

## सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३८. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनाको अवधिमा नेपाल सरकारको राजस्व परिचालन २५.४ प्रतिशतले वृद्धि भई रू ४७ अर्ब ३९ करोड पुगेको छ। अघिल्लो वर्ष राजस्व १९.७ प्रतिशतले बढेको थियो।

३९. समीक्षा अवधिमा भन्सार राजस्व २३.७ प्रतिशतले बढी रु ९ अर्व ६८ करोड पुगेको छ। अघिल्लो वर्ष भन्सार राजस्व ११.३ प्रतिशतले मात्र बढेको थियो। भन्सार प्रशासनमा गरिएका सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकममा पनि वृद्धि भएकोले भन्सार राजस्वको वृद्धिदरमा विस्तार भएको हो।

४०. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनाको अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १८.८ प्रतिशतले वृद्धि भई रु १४ अर्व ९३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष मूल्य अभिवृद्धि कर २०.१ प्रतिशतले वृद्धि भएको थियो। विप्रेषण आयमा भएको वृद्धि, बढ्दो उपभोक्ता विश्वास र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि करमा वृद्धि भएको हो।

४१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ३१.३ प्रतिशतले वृद्धि भई रु ४ अर्व ९६ करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क शीर्षकमा रु ३ अर्व ७८ करोड परिचालन भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्वको वृद्धिदर बढेको हो।

४२. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनाको अवधिमा आयकर राजस्व ३९.८ प्रतिशतले वृद्धि भई रु ८ अर्व ४० करोड परिचालन भएको छ। अघिल्लो वर्ष आयकर राजस्व २८.९ प्रतिशतले बढेको थियो। केही सरकारी संस्थानहरु, निजी संस्थानहरुको आयमा वृद्धि हुनुको साथै लगानी आयमा उल्लेख्य वृद्धि भएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदरमा विस्तार भएको हो।

४३. समीक्षा अवधिमा गैर कर राजस्व १६.७ प्रतिशतले वृद्धि भई रु ७ अर्व २३ करोड पुगेको छ। अघिल्लो वर्ष गैरकर राजस्व २४.९ प्रतिशतले बढेको थियो। नेपाल राष्ट्र बैंकलगायत[1] अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई लाभांश प्राप्त भएको कारण गैरकर राजस्वमा वृद्धि भएको हो।

४४. समीक्षा अवधिमा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत् रू ५ अर्ब २२ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष सो शीर्षकमा रू ७ अर्ब ९३ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

४५. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनामा कुल निर्यात ५.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात २.७ प्रतिशतले घटेको थियो। कुल निर्यातमध्ये भारततर्फको निर्यात ७.६ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फको निर्यात १.७ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ३.० प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको १.९ प्रतिशतले घटेको थियो।

४६. भारततर्फ मुख्यतया वनस्पति घ्यू, कपडा, रसायन, टुथपेष्ट तथा तार एवं अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, नेपाली कागज तथा त्यसबाट निर्मित सामान र छालाको निर्यातमा उल्लेख्य ह्रास आएको कारण कुल निर्यात घटेको हो।

४७. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनासम्ममा कुल आयात ६.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात ७.७ प्रतिशतले बढेको थियो। कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा ६.५ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात ५.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष भारत एवं अन्य मुलुकबाट भएको आयात क्रमशः १०.१ प्रतिशत र ४.० प्रतिशतले बढेको थियो।

४८. आर्थिक वर्ष २०६४/६५ को प्रथम छ महिनामा भारतबाट मुख्यतया एम.एस. विलेट, सवारी साधन तथा पाटपूर्जा, हट रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनेरी तथा पूर्जा र पाइप तथा पाइप फिटिङ्ग एवं अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामाग्री, विद्युतीय सामाग्री, सवारीसाधन तथा पाटपुर्जा एवं अन्य मेशिनेरी तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ।

४९. आर्थिक वर्ष २०६४/६५ को पहिलो छ महिनामा समग्र शोधनान्तर स्थिति रू. १ अर्व ९३ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ५ अर्व ४९ करोडले बचतमा रहेको थियो। समीक्षा अवधिमा पर्यटन आय र विप्रेषण आप्रवाह क्रमशः ६५.३ प्रतिशत र १८.२ प्रतिशतले बढेतापनि व्यापार घाटामा वृद्धि एवं अनुदानमा कमी आउनाले चालू खाता रु. १ अर्व २१ करोडले घाटामा रहन गएको छ। अघिल्लो बर्षको सोही अवधिमा पर्यटन आय ४.९ प्रतिशतले घटेको थियो भने विप्रेषण आप्रवाह ५.१ प्रतिशतले वृद्धि भई चालू खाता रु. ९८ करोडले बचतमा रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

५०. २०६४ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा ०.२ प्रतिशतले घटी रू. १६४ अर्व ८० करोड रहेको छ। आर्थिक वर्ष २०६३/६४ को पुस मसान्तमा यस्तो सञ्चिति २.५ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि पुस मसान्तसम्ममा कुल सञ्चिति २.९ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ६.९ प्रतिशतले वढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो छ

[1] आर्थिक वर्ष २०६३/६४ को लाभांशवापत् नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई रु ३ अर्व ४३ करोड छुट्ट्याएकोमा २०६४ पुस महिनामा रु १ अर्व ५० करोड बुझाइ सकेको छ।

महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.० महिनाको वस्तु आयात र ७.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ पुस मसान्तमा प्रतिब्यारल अमेरिकी डलर ५१.३० रहेकोमा २०६४ पुस मसान्तमा ८३.२ प्रतिशतले बढी प्रतिब्यारल अमेरिकी डलर ९३.९७ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६३ पुस मसान्तको तुलनामा २०६४ पुस मसान्तमा ४३.९ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६२७.०० बाट अमेरिकी डलर ९०२.०० पुगेको छ ।

## विनिमय दर प्रवृत्ति

५२. २०६४ असार मसान्तको तुलनामा २०६४ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.१० प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.२२ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६३ पुस मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७१.१० रहेको थियो भने २०६४ पुस मसान्तमा उक्त विनिमय दर रु. ६२.९० मा झरेको छ ।